# 'मदिरा विक्रि वितरण, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७७

**दार्मा गाउँपालिका**
**सल्यान**
**कर्णाली प्रदेश**
**२०७७**

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

# दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड -४, सङ्ख्या : ७ मिति : २०७७/०८/०४**

## भाग -२

## दार्मा गाउँपालिका

कार्यपालिकाबाट पारित मिति : २०७७/०७/२०

प्रमाणीकरण मिति : २०७७/०८/०४

## 'मदिरा विक्रि वितरण, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७७

**<u>प्रस्तावना</u>**

दार्मा गाउँपालिका क्षेत्रभित्र अवैध रुपमा मदिरा उत्पादन, विक्री वितरणमा रोकथाम गर्नुका साथै मदिरा विक्री वितरण कार्यलाई व्यवस्थित र नियमन आवश्यक देखिएकाले स्थानीय सरकार

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम दार्मा गाउँपालिका, सल्यानले यो कार्यविधि बनाइ लागू गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम 'मदिरा विक्रि वितरण, व्यवस्थापन तथा नियमन कार्यविधि' २०७७ रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी लागू हुनेछ।

**२. परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ।

(ख) “गाउँपालिका” भन्नाले दार्मा गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) “कार्यपालिका” भन्नाले दार्मा गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) “कार्यालय” भन्नाले दार्मा गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ङ) “मदिरा” भन्नाले फलफूल वा अन्न कुहाई वा अन्य कुनै तरिकाले तयार पारिने विदेशी वा स्वदेशी सबै किसिमको रक्सी र बियर समेतलाइ जनाउनेछ।

(च) “डिलरवाला" भन्नाले दार्मा गाउँपालिकाभित्र रक्सीको थोक बिक्री गर्ने अनुमति प्राप्त बिक्रेतालाई सम्झनु पर्दछ।

(छ) "खुद्रा व्यापार" भन्नाले फुटकर रूपमा मदिराको विक्रीवितरणका लागि अनुमति प्राप्त व्यवसाय भन्ने सम्झनुपर्छ।

(ज) “होटल” भन्नाले भोजन खानपिनको प्रबन्ध भई वा नभई बसोबासको सुबिधा दिने गरि व्यवसायिक आधारमा चलाइएको होटल सम्झनु पर्दछ र सो शब्दले रेष्टुरेन्ट समेतलाई जनाउँछ।

(झ) “सभा” भन्नाले दार्मा गाउँपालिकाको सभालाई सम्झनु पर्दछ।

(ञ) “अध्यक्ष” भन्नाले दार्मा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ट) “उपाध्यक्ष” भन्नाले दार्मा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ।

(ठ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले दार्मा गाउँपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेको अधिकारी सम्झनु पर्दछ।

(ड) वडा “अध्यक्ष” भन्नाले दार्मा गाउँपालिकाका विभिन्न वडाबाट निर्वाचित वडा अध्यक्ष सम्झनु पर्दछ।

(ढ) “तोकिएको” वा “तोकिए वमोजिम” भन्नाले गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ।

(ण) “वडा स्तरीय समिति” भन्नाले प्रत्येक वडामा गठित वडा स्तरिय मदिरा व्यवस्थापन तथा नियममन समितिलाई सम्झनु पर्दछ।

(त) “मूल समिति” भन्नाले दार्मा गाउँपालिकामा गठित दार्मा गाउँपालिकाको मदिरा विक्रि वितरण व्यवस्थापन तथा नियमन समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद -२

## समिति गठन सम्बन्धि व्यवस्था

**३. मूल समिति** : मदिराको विक्री वितरणलाई व्यवस्थित गर्न देहायको मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन मूल समिति गठन गरिने छ।

(क) गाउँपालिका अध्यक्ष – संयोजक

(ख) उपाध्यक्ष   – सदस्य

(ग) वडा अध्यक्षहरू – सदस्य

(घ) इलाका प्रहरी कार्यालयको प्रहरी निरीक्षक वा निजले तोकेको प्रहरी सहायक निरीक्षक - सदस्य

(ङ) होटेल व्यवसायीहरुको छाता संगठनको अध्यक्ष – सदस्य

(च) मदिरा नियन्त्रण सम्वन्धि कार्यरत नागरिक संघसंस्था, आमा समूहबाट  (कम्तिमा १ जना महिला सहित) गाउँपालिका अध्यक्षले तोकेको २ जना – सदस्य

(छ) गाउँपालिका स्तरको उद्योग वाणिज्य संघको अध्यक्ष – सदस्य

(ज) गाउँपालिका स्तरको मदिरा व्यवसाय समितिको अध्यक्ष – सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

**५. मूल समितिको काम कर्तव्य र अधिकार**

(क) मदिराको बिक्री वितरणलाई व्यवस्थित गरि गाउँपालिका क्षेत्रभित्र हुने विकृति विसङ्गतिलाई रोक्न आवश्यक कार्य गर्ने गराउने।

(ख) वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने।

(ग) मदिराको विक्री वितरण र व्यवस्थापन तथा नियमन गर्न यस कार्यविधिलाई कडाइका साथ लागू गर्ने गराउने।

(घ) यो कार्यविधि विपरीत मदिरा विक्री वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गर्न लगाउने ।

(ङ) मदिरा विक्री वितरण व्यवस्थापन र नियमनलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने।

(च) मदिरा व्यवस्थापन तथा नियमनका लागि गठित वडा स्तरीय समितिको काम कारवाहीको अनुगमन गर्ने ।

**६. वडा स्तरीय समिति :** मदिराको विक्री वितरणलाई व्यवस्थित गर्न प्रत्येक वडामा देहायबमोजिम वडा स्तरीय मदिरा व्यवस्थापन तथा नियमन समिति हुनेछ :

(क) सम्वन्धित वडाको वडा अध्यक्ष – संयोजक

(ख) सम्वन्धित वडाका वडा सदस्यहरु – सदस्य

(ग) वडा प्रहरी कार्यालयको इन्चार्ज वा निजले तोकेको प्रहरी कर्मचारी – सदस्य

(घ) सम्वन्धित वडाका टोल विकास संस्थाहरुको अध्यक्षहरु मध्येवाट संयोजकले तोकेको कम्तिमा एक महिला सहित २ – सदस्य

(ङ) सम्बन्धित वडाका नागरिक संगठन, संघ संस्था, आमा समूहको प्रतिनिधिमध्ये वडा अध्यक्षले तोकेको व्यक्ति –सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव –सदस्य सचिव

**७. वडा स्तरीय मदिरा व्यस्थापन समितिको काम कर्तब्य र अधिकार :**


(क) वडामा यस कार्यविधिबमोजिम मदिरा बिक्री वितरण, सेवन भएको छ छैन ? सो को अनुगमन गरी त्यसको जानकारी मूल समितिलाई दिने ।

(ख) यस कार्यविधिमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(ग) यस कार्यविधिको पालना नगर्नेलाई यस कार्यविधि वमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई  दिने ।

(घ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने  गराउने ।

(ङ) यस कार्यविधिबमोजिम आफूले गर्नुपर्ने अन्य कार्य गर्ने ।



## परिच्छेद - ३

## मदिरा व्यवस्थापन कोष सम्बन्धि व्यवस्था

**८. मदिरा व्यवस्थापन कोष :** (१) यस कार्यविधि विपरीत मदिरा विक्री वितरण र सेवन गर्ने व्यक्तिबाट यस कार्यविधि बमोजिममा तोकेबमोजिम उठेको जरिवाना रकम बैंकमा खाता खोली मदिरा व्यवस्थापन कोष स्थापना गरिनेछ।

(२) कोषको संचालन मदिरा व्यवस्थापन कोषको सञ्चालन  र प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(३) वडा स्तरीय मदिरा व्यस्थापन समितिले जरिवानावाट उठाएको रकम यसै कोषमा दाखिला गर्नु पर्नेछ।

**९. कोषको रकम खर्च** :  गाउँ कार्यपालिकाकाको निर्णयअनुसार देहायबमोजिम खर्च गरिनेछ :

(क) गम्भीर रोग लागेका तर आर्थिक अभावका कारण उपचार गर्न असमर्थ भएका व्यक्तिलाई आर्थिक सहयोग गर्ने।

(ख) घरेलु हिंसामा परेका महिलाहरुलाई आवश्यक जिवीकोपार्जनका लागि आवश्यक सहयोग गर्ने।

(ग) बेवारिसे ब्यक्ति मरी लाश सदगद गर्नुपरेमा।

(घ) गाउँ कार्यपालिकाले उचित ठहर्याएको अन्य सामाजिक सेवामा।

(ड) मदिरा सेवन विरुद्धका जनचेतनामुलक कार्यक्रमहरूमा।

(च) यस कार्यविधि विपरीत कार्य गरेको सूचना दिने व्यक्तिको नाम गोप्य राखि निजलाई गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाले तोकेबमोजिमको रकम निर्णय गरी  पुरस्कृत गर्न सक्ने छ।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

शार्दा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

## परिच्छेद - ४

## मदिराको बिक्री वितरण र व्यवस्थापन सम्बन्धि व्यवस्था

**१०. शान्ति कायम हुने गरि मात्र मदिरा विक्री गर्नुपर्ने :** मदिराको विक्री वितरण गर्दा सfमाजिक शान्ति सुव्यवस्थामा अमन चयन नखल्वलिने, घरेलु हिंसा, समाजमा झै–झगडा नहुने र शान्ति कायम हुने गरि मात्र गर्नु पर्नेछ।

(क) मदिराको विक्री वितरण गर्दा थोक विक्रेताले अन्य दिनमा अपरान्ह ४ बजे देखि बेलुकी ७ वजे सम्म खुद्रा विक्रेताले अपरान्ह ५ वजे देखि बेलुकी ७ सम्म अन्य दिनमा र सार्वजनिक बिदाको दिन थोक विक्रेताले दिउँसो ३ बजेदेखि बेलुकी ७ बजेसम्म र फुटकर विक्रेताले अपरान्ह ४ बजेदेखि बेलुकी ७ बजेसम्म।

(ख) विद्यालय, स्वास्थ्य संस्था, मन्दिर जस्ता धार्मिक तथा सामाजिक महत्त्वका सार्वजनिक स्थानबाट १०० मिटरभित्र मदिरा बेचविखन गर्न पाइने छैन।

(ग) मदिरा विक्री वितरणको कारोवार गर्न अनुमति लिएकाहरूले मदिरा भण्डारको लागि छुट्टै कोठा हुनुपर्नेछ, अन्य सामानका साथ मदिरा भण्डारण एकै ठाउँमा गर्न पाइने छैन।

(घ) किराना, खाद्यान्न, तरकारी, औषधि, मासु, कपडा, फलफूल लगायतका कुनै पनि पसलबाट मदिरा विक्री वितरण गर्न पाईने छैन।

(ङ) होटेल रेष्टुरेन्टले मदिरा प्रत्यक्षबाहिर प्रदर्शन हुने गरि राख्न पाईने छैन।

च) मदिराको स्वीकृति लिएका होटेलहरूमा खाना वास क्षेत्रबाहेक मदिरा सेवन रेष्टुरेन्ट अलगै हुनु पर्नेछ।

(छ) १८ वर्ष भन्दा मुनिका व्यक्तिलाई मदीरा विक्री वितरण र ओसारपसार गर्न गराउन पाइने छैन।

**११. व्यवसायीलाई जरिवाना हुने :** यो कार्यविधि विपरीत मदिरा विक्री वितरण गर्ने व्यवसायीहरूलाई देहायबमोजिम जरिवाना गरिनेछ।

(क) पहिलो पटक रु. ३,०००।– जरिवाना।

(ख) दोस्रो पटक रु. ६,०००।– जरिवाना।

(ग) तेस्रो पटक रु. १२,०००।– जरिवाना।

(घ) सोभन्दा बढी पटक भएमा इजाजत पत्र खोरज गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

**१२. व्यक्तिलाई जरिवाना हुने :** (१) यस कार्यविधि विपरीत मदिरा सेवन गरि समाजमा शान्ति सुव्यवस्था अमनचयन खल्वल्याउने, झै–झगडा गर्ने, हो हल्ला गर्ने जस्ता कार्य गरेको / गराएको पाइएमा देहाएबमोजम जरिवाना गरिनेछः

(क) पहिलो पटकलाई सर्वसाधारण नागरिकको हकमा रु. ५००।- जनप्रतिनिधि, शिक्षक र कर्मचारीको हकमा रु.२०००।- जरिवाना।

(ख) दोस्रो पटकलाई सर्वसाधारण नागरिकको हकमा रु. १,०००।- जनप्रतिनिधि, शिक्षक र कर्मचारीको हकमा रु. ४०००।- जरिवाना।

(ग) तेस्रो पटकलाई सर्वसाधारण नागरिकको हकमा रु. २,०००।- जनप्रतिनिधि, शिक्षक र कर्मचारीको हकमा रु. ८,०००।- जरिवाना।

(घ) सोभन्दा वढी पटक भएमा सर्वसाधारण नागरिकको हकमा ४,०००।- जनप्रतिनिधि, शिक्षक र कर्मचारीको हकमा १६,०००।- जरिवाना गरिनेछ।

(२) दार्मा गाउँपालिकाका जनप्रतिनिधि, शिक्षक, कर्मचारीले कार्यालय समयभित्र मदिरा सेवन गरेको पाइएमा शत प्रतिशत जरिवाना थप गरी विभागीय कारवाही समेत गरिनेछ।

(३) यदि कुनै व्यक्तिले उपर्युक्तअनुसारको जरिवाना तिर्न इन्कार गरेमा निजलाई वडा कार्यालय तथा गाउँपालिकाबाट प्राप्त सेवा सुविधा रोक्का राखी कार्वाही गर्न सक्नेछ।

(४) आर्थिक अवस्था कमजोर भइ जरिवाना तिर्न असमर्थ भएमा गाउँपालिकाले काम प्रदान गरी ज्यालाबाट जरिवाना वापतको रकम असुल गर्नेछ।

(४) मदिरा व्यवसायका लागी वडा कार्यालयबाट सिफरिस माग गर्दा टोल विकास संस्थाको सिफरिस, आमा समूहको सिफारिस तथा सर्जमिन मुचूल्का अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

**१३. गाउँवासीको कर्तब्य :** यो कार्यविधिलाई परिपालन गर्नु गराउनु दार्मा गाउँपालिका वासी प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

**१४. उपयुक्त आदेश जारी गर्न सक्ने :** कार्यविधि अन्तर्गत रहि यो निर्देशिका कार्यन्वयन गर्न गाउँपालिकाले अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ।

**१५. संशोधन गर्न सक्ने** : मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमनका लागी गाउँपालिकाले आवश्यकता अनुसार कार्यविधी संशोधन गरि लागू गर्न सक्नेछ।

आज्ञाले :

अमृत खड्का

निमित्त प्रमुख प्रशासकीय अधिकृत

